# फालेलुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### थोक्लिम्बा, पाँचथर

पत्र संख्या : २०७७/०७८
च. नं.:

मिति : २०७८/०१/२७
१ नं. प्रदेश, नेपाल

**विषय** : विपद् व्यवस्थापन समितिको निर्णय सार्वजनिक गरिएको बारे ।

प्रस्तुत विषयमा कोभिड - १९ का रोकथाम तथा नियन्त्रणका सम्बन्धमा मिति : २०७८ वैशाख २७ गते बसेको फालेलुङ गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समितिको देहाय बमोजिमको निर्णय कार्यान्वयन गर्न/गराउन हुन सम्बन्धित सबैमा सूचित गरिन्छ ।

**देहाय** :

- ✓ फालेलुङ गाउँ कार्यपालिकाको कार्यालयको अत्यावश्यक सेवा बाहेक बाँकी सम्पूर्ण सेवाहरु मिति : २०७८ वैशाख २८ देखि जेठ ०३ गतेसम्म पूर्ण रुपमा बन्द रहने ।
- ✓ मिति : २०७८ वैशाख २७ गते राति १२:०० बजेदेखि जेठ ०३ गते राति १२:०० बजेसम्म सबै प्रकारका दुईपाङ्ग्रे तथा चार पाङ्ग्रे सवारी साधनहरु चलाउन पूर्ण रुपमा बन्द गर्ने । तर खाद्यान्न, औषधी, एम्बुलेन्स, खानेपानी, इन्धन, दूधजन्य पद्दार्थ, फलफूल ढुवानी गर्ने प्रयोजनका लागि भने सवारी साधन खुला रहने ।
- ✓ दैनिक रुपमा अत्यावश्यक खाद्यान्न, इन्धन, तरकारी, फलफूल, दूध, दूधजन्य पद्दार्थ, निर्माण सामग्री लगायतका पसलहरु बिहान ७:०० बजेदेखि बिहान ९:०० बजेसम्म मात्र खुला गर्ने ।
- ✓ पसलमा कृत्रिम अभाव सिर्जना गर्न तथा अनावश्यक मूल्य वृद्धि गर्न नपाइने ।
- ✓ होटेल तथा रेष्टुरेन्टहरुमा अनावश्यक रुपमा भेटघाट तथा जम्मा हुने काम रोक्ने । मदिराजन्य पद्दार्थको बेचबिखनलाई पूर्ण रुपमा निषेध गर्ने ।
- ✓ अत्यावश्यक काम बाहेक कोही पनि घर बाहिर ननिस्कने ।

२०७८/१/२६

सञ्च कुमार केरुङ
अध्यक्ष


*फालेलुङ समृद्धिको आधार : कृषि, पर्यटन, जलश्रोत र भौतिक पूर्वाधार*
*फोन नं. : ०२४-६९६४९०*
*email-phalelunggaunpalika@gmail.com*
*website-www.phalelungmun.gov.np*


Scanned with CamScanner